# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


चलानी नं. ..................

मिति: २०८३/०५/१६

**MCA कार्यक्रम अन्तर्गत पहिलो सेमेस्टरको अनलाइन परीक्षा फाराम भर्ने तथा परीक्षा तालिका सम्बन्धी सूचना !**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित ***Master of Computer Application (MCA)*** कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२५ को **पहिलो सेमेस्टरका नियमित** परीक्षार्थीहरूको सत्रान्त परीक्षा २०८३ साल भाद्र २५ गतेबाट सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०८३ साल भाद्र १७ गतेदेखि २१ गतेसम्म अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरूको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८३ साल भाद्र १७ गतेदेखि २१ गतेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८३ साल भाद्र २२ गतेसम्म ।
- **परीक्षा दस्तुर :** नियमित परीक्षार्थीले रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) । विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- परीक्षार्थीहरूले परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ । यदि फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, फाराममा तोकिएको ठाउँमा दस्तखत आदि गर्नुपर्ने छ ।
- सम्बन्धित क्याम्पस/कलेजहरूले विद्यार्थीहरूले भरेका परीक्षा फाराम २०८३ साल भाद्र २४ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्ने छ ।
- विद्यार्थीहरूले भरेका र क्याम्पस/कलेजहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू (**विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू**) को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित क्याम्पस/कलेजको पत्र सहित विद्यार्थीको आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) र क्याम्पस/कलेजको नवीकरण पत्रको प्रतिलिपि तथा विनियोजन शाखामा सेवा-शुल्क तिरेको रसिदको प्रतिलिपि समेत २०८३ साल आश्विन २४ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८३ साल भाद्र २४ गते पश्चात् सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् । उक्त प्रवेशपत्र कलर प्रिन्ट गर्नुका साथै सम्बन्धित क्याम्पस/कलेजको छाप लगाइएको हुनुपर्ने छ र परीक्षा अवधिभर अनिवार्य रुपमा आफ्नो साथ राख्नु पर्नेछ ।
- प्रयोगात्मक परीक्षाका सम्बन्धमा देहाय बमोजिम गर्न गराउनुहुन MCA कार्यक्रमसँग सम्बन्धित क्याम्पसलाई अनुरोध गरिन्छ :

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालन भएको दुई वर्षे ४ सेमेस्टरको Master of Computer Application (MCA) कार्यक्रम अन्तर्गतका विभिन्न सेमेस्टरहरूमा Project Work/Dissertation बाहेकका अन्य विषयहरूमा ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कन र **६० पूर्णाङ्कको अन्तिम मूल्याङ्कन गरिने** प्रावधान भएको र ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कनलाई प्रयोगात्मक हुने विषयहरूमा २० पूर्णाङ्कको Internal Assessment **(Mid-term and Pre-Final Examination)** र २० पूर्णाङ्को Practical Assessment रहने गरी छुट्याइएको छ। उक्त ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कनभित्र नै Practical Assessment समेत रहेको हुनाले सम्बन्धित क्याम्पस/कलेजले डीन कार्यालयद्वारा खटाइएका विषय विशेषज्ञहरूबाट २० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा सञ्चालन गरी हाजिरी सहितको आन्तरिक मूल्याङ्कन (Internal Assessment & Practical Assessment) देहाय बमोजिमको ढाँचामा २०८३ साल आश्विन २० गतेभित्र यस कार्यालयमा पठाइदिनु हुन सम्बन्धित क्याम्पस प्रमुखज्यूहरूलाई अनुरोध गरिन्छ।

| **SN** | **Name of Student** | **Internal Practical Assessment** | | | |
|---|---|---|---|---|---|
| | | **Practical (10)** | **Lab Report (5)** | **Viva (5)** | **Total (20)** |
| | | | | | |
| | | | | | |

**<u>Internal Subject Teacher</u>**
**Signature: ……………**
**Name: …………………….**
**Designation: …………**
**Date: …………**

**<u>Subject Expert</u>**
**Signature: ……………**
**Name: ………………..**
**Designation: …………**
**Date: …………………**

MCA Internal Evaluation Format

| SN | Name of Student | Internal Assessment (20) | Practical Assessment (20) | Total (40) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

<u>Subject Teacher</u>
Signature: ……………
Name: ……………………..
Date: …………

<u>Campus Chief/Coordinator</u>
Signature: ……………
Name: ………………..
Date: …………………

मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालय कीर्तिपुर

## परीक्षा तालिका (Examination Schedule)

**परीक्षा समय** :- दिउँसो १२:०० बजेदेखि ३:०० बजेसम्म ।

**परीक्षा केन्द्र** : विश्वविद्यालय क्याम्पस, त्रि.वि. कीर्तिपुर ।

### MCA I Semester: Batch 2025

| Date (BS) | Subjects |
|---|---|
| 2083-05-25 | MCA 501: Discrete Structure |
| 2083-05-29 | MCA 502: Advanced Operating System |
| 2083-05-31 | MCA 503: Advanced Database Management System |
| 2083-06-02 | MCA 504: Programming Logic & Techniques using Python |
| 2083-06-05 | MCA 505: Research Methodology in Computer Applications |
| **Practical** | MCA 506: Technical Writing |

मानविकी तथा सामाजिक शास्त्र संकाय डीनको कार्यालय कीर्तिपुर

.........................

डा. चिरञ्जीवी आचार्य
सहायक डीन